नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

Nepal Administrative Staff College

"... devoted to making differences positively."


प.सं.

च.नं. ८०६/०८०१६८

PSTD/CIsT/50

मिति : २०७५/३/२५

वन तथा वातावरण मन्त्रालय
गो.व.नं.: ४२४० मिति: ३/२६
फा.द.नं.: ............ मिति: ..........
समय: ..............................

श्री वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको **Advanced Course on Management and Development (ACMD)** आ.व.२०७५/७६ को पहिलो चौमासिक अवधिमा तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३५ कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा तहाँबाट २ वटा कार्यक्रमहरूको लागि जम्मा १ (एक) जना **द्वितीय श्रेणी** वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली (संलग्न मनोनयन फाराम सहित) मिति २०७५/०४/१५ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ।

| कार्यक्रम | पहिलो कार्यक्रम संचालन हुने | दोश्रो कार्यक्रम संचालन हुने |
|---|---|---|
| मिति | २०७५ श्रावण २३ गतेदेखि २०७५ आश्विन १५ गतेसम्म | २०७५ श्रावण ३० गतेदेखि २०७५ आश्विन २२ गतेसम्म |

**मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७५ असार मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ।
५. मनोनयनको स्वीकृति ज्येष्ठताको आधारमा गरिनेछ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
७. मनोनयन फाराम र Online फाराम भर्ने तरिका प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्वन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको तालिम लिंकमा क्लिक गरी सम्वन्धित मन्त्रालयको मनोनयनपत्र र मनोनयन फाराम अपलोड गर्न सक्नेछन्।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।

..............................
शितल मोक्तान तामाङ
अध्ययन उपनिर्देशक
मोबाइल नं. ९८५१०२२६८३